## मलंगवा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :९) मलंगवा असार, ३० गते २०८२ साल (अतिरिक्ताङ्काः २

## भाग–२

## मलंगवा नगरपालिका

विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि, २०७९ (पहिलो संसोधन)२०८२

संक्षिप्त नाम प्रारम्भः(१) यो कार्यविधिको नाम विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि (पहिलो संसोधन) २०८२ रहने छ ।

२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

मूल कार्यविधिको परिच्छेद ५ को (२६) १(क),२९ र परिच्छेद ९ को (५७) ९ को सट्टा देहायको खण्ड १ (क),२९ (ङ) र (५७) १० थपगरि राखिएको छ ।

परिच्छेद-५ (२६) विद्यालय व्यवस्थापन समिति रहने- सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्न को लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका कम्तीमा कक्षा दश उत्तीर्ण गरेका दुईजना महिला सहति ४ जना-सदस्य



तर माथि उल्लेखित कक्षा १० उत्तीर्ण अभिभावक उपलब्ध नभएमा शिक्षा नियमावली,२०५९ को परिच्छेद ६ को नियम २९ (ग) अनुसार हुने ।

(२९) व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने : खण्ड (ङ) थप गरिएको ।

ङ) यदिकुनै अभिभावक नेपाल सरकारको स्थायी,अस्थायी,करार वा कुनै प्रकारको कर्मचारी भए विद्यलाय व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको रुपमा बस्न नहुने ।

परिच्छेद-९

५७) सरुवा सम्बन्धि व्यवस्थालाई संसोधन गरी शिक्षक सरुवा तथा कामकाज सम्बन्धि व्यवस्था,उपनियम (१०) थप गरिएको छ ।

१०)माथि जे सुकै लेखेको भएता पनि नगरपालिकाको आश्यकता अनुसार नगरपालिका भित्रको सामुदायिक विद्यालयमा कार्यरत माध्यमिक स्थायी शिक्षक मध्ये शिक्षा शाखामा कामकाजमा लगाउन सकिने छ। साथै नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा तथा कामकाजमा जुनसुकै बखत लगाउन सकिने ।

प्रमाणीकरण मिति :-२०८२।०३।३१

आज्ञाले
होमनाथ सुवेदी
प्रमुख प्रशासकीय अधिकृत
मलंगवा नगरपालिका